चामुण्डाविन्द्रासैनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सम्वकोट, दैलेख

पत्र संख्या २०७५/०७६
चलानी ६४६

कर्णाली प्रदेश, नेपाल

औषधी तथा औषधी जन्य सामाग्रीहरु खरिद सम्बन्धि दरभाउपत्र आव्हानको सुचना ।

<u>प्रथम पटक प्रकाशित मिति २०७५।०९।१९</u>

यस कार्यलयको आ.व. २०७५।०७६ को स्वीकृत कार्यक्रम अनुसार यस नगरपालिका क्षेत्र भित्र संचालित स्वास्थ्य चौकिहरु र सहरी स्वास्थ्य क्लिनिकहरुको लागी औषधी र औषधीजन्य सामाग्रीहरु खरिद गर्नुपर्ने भएकोले ईच्छुक कम्पनि,कम्पनिको आधिकारिक फर्म, सप्लायर्स बाट अद्यावधिक गरेको ईजाजत प्राप्त प्रमाणपत्र,औषधी व्यवस्था विभागमा दर्ता भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, सहित ईच्छुक फर्म तथा कम्पनिहरु बाट गोप्य सिलवन्धि दरभाउपत्र आव्हान गरिन्छ ।

१.यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्रौ) औ दिन सम्म रु.१००० (एक हजार मात्र)पछि फिर्ता नहुने गरि बुझाई यस चामुण्डाविन्द्रासैनी नगरपालिका नगरकार्यपालिकाको कार्यलयवाट दरभाउपत्र खरिद गर्न सकिनेछ र गोप्य सिलवन्धि दरभाउपत्र १६ (सोह्रौ) दिनको १२:०० वजे सम्म यस कार्यालयमा दर्ता गराउन सकिनेछ । तर दरभाउपत्र खरिद गर्ने अन्तिम दिन र दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट क्रमश: हुनेछ ।

२.दरभाउपत्र खरिदका लागि निवेदकले निवेदनका साथ <u>आ.व.२०७४।०७५</u> को कर चुक्ता प्रमाणपत्र,नविकरण गरेको प्रमाणपत्र,फर्म दर्ता प्रमाणपत्र,औषधि सप्लायर्स ईजाजत साथै मु.अ.कर प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

३.दर्ता हुन आएका सिलवन्धि दरभाउपत्रहरु १६ (सोह्रौ) दिनको दिनको २ वजे यस चामुण्डाविन्द्रासैनी नगरपालिका कार्यालयमा प्रतिनिधिहरु तथा दरभाउदाता वा प्रतिनिधिका रोहवरमा खोलिनेछ ।यदि प्रतिनिधि उपस्थित नभएमा पनि वाधा पर्ने छैन ।

४.सिलवन्दि दरभाउ साथ धरौटि वापत दरभाउपत्रमा कवुल गरेको रकम अकंको २.५ प्रतिशतले हुने रकम यस चामुण्डाविन्द्रासैनी नगरपालिका कार्यलयको नाममा नेपाल एस वि आई वैकं चामाुण्डा शाखामा रहेको धरौटि खाता नम्वर ४१२९५२४१२०७००२ मा जम्मा गरेको सक्कल भौचर पेश गनुपर्ने छ ।

५.दरभाउपत्रमा दर अङ्क र अक्षर महलमा स्पष्ट खुलाउनु पर्नेछ । अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । मुल्य अभिवृद्धि कर लाग्ने आईटमको विवरण खुलाउनुपर्नेछ । विवरण उल्लेख नभएको वस्तुको मु.अ.क.र भुक्तानि गरिने छैन । दरभाउपत्र प्याकेज प्रणालिमा भएकोले BOQ को सम्पूर्ण महलमा भर्नुपर्ने छ ।अन्यथा दरभाउपत्र रद्द हुनेछ ।

६.आपुर्ति गरिएको औषधी तथा औषधी जन्य सामाग्रीहरु दाखिला भएको मितिले कम्तिमा २ वर्षको म्याद भएको हुनुपर्नेछ । कम अवधि भएको औषधि तथा औषधि जन्य सामाग्रिको म्याद कम्तिमा ७५ प्रतिशत म्याद भएको हुनुपर्नेछ ।

७.दरभाउपत्र दाताले पुरा ठेगाना फोन नम्वर इमेल नम्वर र मोवाईल नम्वर आदि खुलाउनुपर्ने छ ।दरभाउपत्र स्वीकृत भएको जानकारि पाएर पनि तोकिएको समय अवधि भित्र सम्झौता गर्न नआएमा क्रमश दोस्रो दरभाउपत्र स्वीकृत गरि सम्झौता गरिनेछ ।

८.DDA WHO-GMP प्रमाणपत्र प्राप्त कम्पनिको मात्र औषधि खरिद गरिनेछ । र दरभाउपत्रको महलमा कुन कम्पनिको औषधि तथा औषधिजन्य सामाग्री आपुर्ति गरिने हो कम्पनिको नाम स्पष्ट खुल्नुपर्नेछ ।

नेपाली
प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

चामुण्डाविन्द्रासैनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जम्बुकाँध, दैलेख

पत्र संख्या २०७५/०७६
च.नं.

कर्णाली प्रदेश, नेपाल

९.दरभाउपत्र दाताले यस कार्यलयवाट खरिद आदेश पाएको मितिले १५ दिन भित्र यस कार्यलयमा सामाग्रीहरु दाखिला गर्नुपर्नेछ । उक्त समय भित्र उपलब्ध गराउन नसकेमा नगरपालिकाको कार्यलयवाट पाएसम्म दरभाउपत्रमा उल्लेखित दरमा नपाएमा प्रचिलित वजार दररेटमा खरिद गरि ल्याइने छ र सम्वन्धित दरभाउ दाताले पाउने रकम वाट कट्टा गरि भुक्तानी गरिने छ ।

१०. खरिद आदेशमा उल्लेखित औषधि तथा औषधिजन्य सामाग्रीहरु यस कार्यालयको स्टोरमा पुराउनु पर्नेछ उक्त सामाग्रीहरु दाखिला गर्दा सम्म लाग्ने ढुवानी भाडा तथा अन्य कर सेवा सुल्क दरभाउ पत्र दाताले व्यहोर्नु पर्ने छ । त्यसका लागि यस कार्यालयले छुट्टै रकम भुक्तानी गर्ने छैन ।

११. नि.शुल्क स्वास्थ्य सेवा कार्यक्रम अनुसारको खरिद आदेश वमोजिमका औषधि सामाग्रीहरुमा नमेटीने गरि ठुलो अक्षरमा नि शूल्क Supply for MOH भनि लेखिएको हुनपर्ने छ ।

१२. एक फर्म र कम्पनीको नाममा खरिद गरिएको दरभाउपत्र फारम अर्को फर्म वा कम्पनिको नाममा दाखिला गर्न पाइने छैन ।

१३. यो सुचनामा उल्लेख हुन छुट भएका अन्य व्यहोरा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद निमावलि २०६४ तथा प्रचलित कानुन अनुसार हुने छ । अन्य कुरा वुझ्नुपरेमा यस कार्यालयको मो.न.९८५८०८७७७७ मा कार्यालय समय भित्र सम्पर्क गरि वुझ्न सकिने छ ।

| ठेक्का नं. | कामको विवरण | ल.ई. रकम भ्याट बाहेक | धरौटी रकम |
|---|---|---|---|
| ०३।०७५।०७६ / | औषधि तथा औषधि जन्य सामाग्री खरिद | १३,००,०००।०० | २.५ प्रतिशत (कवोल अंकको) |

बाबुराम नेपाली
नि.प्रमुख प्रशासकिय अधिकृत

बाबुराम नेपाली
नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner